नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(.................अनुमतिपत्र महाशाखा.................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८०।८१
चलनी नं.:- ११६५

मिति: ...............................
२०८१/०३/०६

विषय:दुल्लू मालिका सौर्य विद्युत आयोजना,दैलेख,को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी सम्बन्धमा।

विद्युत उत्पादन कम्पनी लिमिटेड
दर्ता नं.:- ६६२
दर्ता मितिः- २०८१/०३/०६

श्री विद्युत उत्पादन कम्पनी लि.
बुद्धनगर,काठमाडौं-१०, नेपाल
०१-४७९८६८०, info@vucl.org

प्रस्तुत विषयमा तहाँले दुल्लू मालिका सौर्य विद्युत आयोजना,दैलेख, सम्बन्धि सर्वेक्षण कार्य गर्नका निम्ति यस विद्युत विकास विभागमा "विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र" पाउनका लागि मिति २०८१/०२/२३ मा दिनुभएको दरखास्त अनुसार विद्युत ऐन,२०४९ को दफा ४ को उपदफा (२) तथा विद्युत नियमावली,२०५०को नियम ८ अनुसार र ग्रिड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धि कार्यविधि,२०७८ बमोजिम नेपाल सरकार, ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग (महानिर्देशकस्तर)को मिति २०८१/०२/२९ को निर्णयानुसार मिति २०८२/०२/२८ सम्म (एक वर्ष) बहाल रहने गरी जारी भएको १५(पन्ध्र) मेगावाट क्षमताको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या वि.वि.वि.२०८०/८१ वि.उ.स.१२७२ यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

संलग्न :

**विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या : वि.वि.वि. २०८०/८१ वि.उ.स.१२७२ ।**

ईञ्जीनियर
(प्रदिप कुमार राउत)

बोधार्थ:

श्री ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार,

श्री विद्युत विकास विभाग,

- आयोजना अध्ययन महाशाखा
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा
- आर्थिक प्रशासन शाखा: प्रवर्द्धकबाट मिति २०८०/१२/०५ मा अनुमतिपत्र दस्तुर बापत वि.वि.वि.आ.र.न.२८८, भौ.न.५३६२१२ अनुसार जम्मा भएको रु.१५०,०००/-(एक लाख पचास हजार )राजस्व खातामा जम्मा हुन,

श्री जिल्ला समन्वय समिति,दैलेख,

श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग,काठमाडौ ।

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## विद्युत विकास विभाग

## विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र

(दुल्लू मालिका सौर्य विद्युत आयोजना, दैलेख)

अनुमतिपत्र संख्या : वि.वि.वि. २०८०/८१ वि.उ.सः १२७२

श्री विद्युत उत्पादन कम्पनी लि.
बुद्धनगर, काठमाडौं-१०, नेपाल

महाशय,

विद्युत उत्पादनको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति २०८१/०२/२३ मा दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम तथा ग्रिड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धि कार्यविधि, २०७८ अनुसार यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :
श्री विद्युत उत्पादन कम्पनी लि.
बुद्धनगर, काठमाडौं-१०, नेपाल
०१-४७९८६८०, info@vucl.org

२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम : ग्रिडमा आबद्ध सौर्य विद्युत आयोजना ।

३. विद्युत उत्पादनको लागि सर्वेक्षण गरिने स्रोतको नाम : सौर्य PV ।
(कर्णाली प्रदेशको दैलेख जिल्लाको दुल्लु नगरपलिकामा आयोजनाको संरचना रहने गरी १५(पन्ध्र) मे.वा. (डेस्क स्टडी प्रतिवेदन अनुसार)क्षमताको ग्रिडमा आबद्ध सौर्य विद्युत आयोजना )

४. सर्वेक्षण गर्ने क्षेत्र :

| | | |
|---|---|---|
| (क) | प्रदेश | : कर्णाली । |
| (ख) | जिल्ला | : दैलेख । |
| (ग) | गाँ.पा./ नगरपालिका | : दुल्लु नगरपलिका । |
| (घ) | पुर्व | : ८१° ३८' ५५" E |
| | पश्चिम | : ८१° ३८' २४" E |
| | उत्तर | : २८° ४८' १०" N |
| | दक्षिण | : २८° ४७' ४७" N |

(माथि उल्लिखित क्षेत्रभित्र आयोजनास्थल रहने गरी)

५. सर्वेक्षणको प्रकृति : आयोजनाको संभाव्यता तथा वातावरणीय अध्ययन

६. अनुमतिपत्र बहाल रहने अवधि :
मिति : २०८१/०२/२९ देखि २०८२/०२/२८ सम्म

७. अन्य शर्तहरू :
(क) सर्वेक्षण कार्य गरिने स्थलको मोटा-मोटी नक्सा त्यस संस्थाले दरखास्तसाथ पेश गरेको अनुसूची १ को संलग्न नक्सा बमोजिम हुनेछ ।
(ख) विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त दिनुपूर्व सर्वेक्षण अवधिभित्रै आयोजनाको क्षमताको अनुपातमा आवश्यक पर्ने जत्तिकै क्षेत्र यकिन गरी सोही बमोजिम क्षेत्र संसोधनको लागि दरखास्त दिनुपर्नेछ ।
(ग) विद्युत नियमावली, २०५० को नियम२१ बमोजिम सर्वेक्षणको कार्य ३ महिना भित्र शुरू गरी सो को जानकारी

विद्युत विकास विभागलाई दिनु पर्नेछ। विभागीय अनुगमन प्रयोजनका लागि प्रत्येक ६/६महिनामा कार्य प्रगति विवरण विभाग समक्ष उपलब्ध गराउनु पर्नेछ। विभागले आवश्यक ठानेमा कार्यप्रगति सम्बन्धमा प्रस्तुति समेत गर्न लगाउन सक्नेछ।

(घ) त्यस संस्थाले पेश गरेको **Desk Study Report** तथा दरखास्तसाथ पेश गरेको अन्य कागजातहरू बमोजिम आयोजनाको अध्ययन कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(ङ.)अनुमतिपत्रको अवधि भित्र आयोजनाको सम्भाव्यता अध्ययन(**Topographical Mapping,Cadastral Mapping, Geotechnical Investigation, Waste Disposal Survey** तथा अन्य आबश्यक पूर्वाधारको अध्ययन) र वातावरणीय अध्ययन सम्पन्न गर्नु पर्नेछ। त्यसको प्रगति प्रतिवेदन विद्युत विकास विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(च) शर्त ७(ङ.) मा उल्लिखित कार्यहरू तोकिएको अवधिभित्रै निर्देशित गुणस्तरमा सम्पन्न गर्ने गरी तयार गरिएको परिमार्जित कार्यतालिका यो अनुमतिपत्र प्रदान भएको मितिले एक महिनाभित्र विभाग समक्ष पेश गर्नु पर्नेछ।

(छ) उपरोक्त अनुसारको कार्यतालिका बमोजिम अध्ययन कार्यहरू सम्पन्न गरी बांकी कार्यहरू सम्पन्न गर्न प्रचलित कानून एवम् निर्देशिका बमोजिम अनुमतिपत्र नविकरणको लागि दरखास्त पेश गर्नुपर्नेछ।यस्तो दरखास्तसाथ प्राप्तहुने प्रतिवेदन एवम् प्रगती विवरण सन्तोषजनक भएमा मात्र अनुमतिपत्रको नवीकरण प्रक्रिया अघि बढाइनेछ । अन्यथा उक्त अनुमतिपत्र रद्द गरिनेछ ।

(ज) यस अनुमतिपत्र बमोजिमको अध्ययन गर्न लाग्ने सम्पूर्ण रकम त्यस संस्थाले व्यहोर्नु पर्नेछ र त्यस्तो खर्च प्रति नेपाल सरकारको कुनै दायित्व हुने छैन ।

(झ) अनुमतिपत्र प्राप्त व्यक्तिले यो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा ५ बमोजिम तोकिएका अधिकारीबाट स्वीकृती लिनुपर्नेछ । अनुमतिपत्रको स्वामित्वको संरचनामा कुनै हेरफेर वा परिवर्तन भएमा सोको जानकारी ३० दिनभित्र आवश्यक कागजात सहित विद्युत विकास विभागलाई दिनु पर्नेछ ।

(ञ)यस अनुमतिपत्रमा उल्लिखित संस्थाको ठेगानामा कुनै परिवर्तन भएको खण्डमा अबिलम्ब विभागलाई सूचित गर्नुपर्नेछ। विभागले कुनै बिवरण वा प्रतिक्रिया लिन आवश्यक भएमा त्यस संस्थाले उपलब्ध गराएको पछिल्लो ठेगानालाई नै आधार बनाईनेछ।

(ट) वातावरण सम्बन्धी अध्ययन वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७र अन्य वातावरण सम्बन्धी प्रचलित कानुनी प्रावधानहरू अनुसार गर्नु पर्नेछ । साथै राष्ट्रिय निकुञ्ज तथा बन्य जन्तु संरक्षण ऐन २०२९, वन ऐन २०७६ लगायतका अन्य प्रचलित कानुनी प्रावधानको अवलम्बन गरी अध्ययन गर्नुपर्नेछ ।

(ठ) यो अनुमतिपत्रमा उल्लेख गरिएको सर्वेक्षण क्षेत्रभित्र वा दायांबायांको क्षेत्रमा विगतमा निर्माण भएका वा निर्माणाधिन वा विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र प्राप्त गरेका आयोजनाहरू वा कुनै विद्युत उत्पादनको जानकारी स्वीकृत प्रदान गरिएको भए वा भविष्यमा कुनै सर्वेक्षण अनुमतिपत्र वा जानकारी स्वीकृत प्रदान गरिएको खण्डमा सो आयोजनासंग समन्वय गरी आवश्यक अध्ययन गर्नुपर्ने हुन्छ । त्यस्ता आयोजनाहरूको सम्बन्धमा अध्ययन प्रयोजनका लागि आवश्यक विवरण विद्युत विकास विभागमा अनुरोध गरी लिन सकिनेछ ।

(ड) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको सर्वेक्षण क्षेत्र भन्दा बाहिर नजाने गरी आयोजनाको संरचनाहरू (आयोजनाबाट विसर्जन हुने **Waste Material** लगायत) को सर्वेक्षण अध्ययन गर्नुपर्नेछ ।

(ढ) सर्वेक्षण कार्यको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पुर्व सुचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ। त्यसरी प्रवेश गर्दा कुनै हानी-नोक्सानी हुन गएमा त्यस संस्थाले नै क्षतिपूर्ति दिनुपर्नेछ।

(ण) यस अनुमतिपत्रद्वारा सर्वेक्षण गर्न अनुमतिपत्र दिईएको आयोजनाको निर्माण गर्न चाहेमा प्रकरण (५) मा उल्लेख भएका सम्पूर्ण अध्ययन कार्यहरू सम्पन्न गरी विद्युत नियमावली, २०५० को नियम १९ बमोजिम यस अनुमतिपत्रको म्यादभित्र नियम १२ बमोजिमका विवरणहरू खुलाई विद्युत उत्पादनको अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(त) यस अनुमतिपत्रमा उल्लेख भए भन्दा फरक हुने गरी आयोजनाको अध्ययन गर्नुपरेमा सो को पूर्व स्वीकृति लिनुपर्नेछ ।

(थ) यस अनुमतिपत्रमा कुनै संशोधन गर्नुपर्ने भएमा आवश्यकता एवम् औचित्यका आधारमा त्यस संस्था र विद्युत विकास विभागको आपसी सहमतिमा गर्न सकिनेछ ।

(द) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको सर्वेक्षण क्षेत्र प्रस्तुत आयोजनाको सर्वेक्षण तथा विकास/निर्माणका कार्य बाहेक अन्य कुनै प्रयोजनार्थ भौतिक संरचना आदि विकास/निर्माण गर्न उपयोग गर्न पाइनेछैन ।

(ध) सर्वेक्षण अनुमतिपत्रको अवधि भित्र अध्ययन कार्य सम्पन्न हुन नसकेमा अनुमतिपत्रको म्याद भित्रै सर्वेक्षण अनुमतिपत्रको नवीकरणको लागि दरखास्त दिएमा कार्य प्रगति र औचित्यको आधारमा सर्वेक्षण अनुमतिपत्रको म्याद थप गर्न सकिने छ ।

(न) आयोजनाको लागि आवश्यक जग्गा,बाटो, कनेक्शन विन्दुसम्म प्रशारण लाइन आदिको व्यवस्था प्रवर्द्धक आफैले गर्नुपर्नेछ ।

(प) प्रचलित ऐन नियमहरुको अधिनमा रही आयोजनाको सर्वेक्षण कार्यको लागि आवश्यक पर्ने सामाग्रीहरु एवं संचार सुबिधासंग सम्बन्धित सामाग्रीहरुको सिफारिसका लागि प्रबर्द्धकले अनुरोध गरेमा विद्युत विकास विभागले आवश्यक सहयोग गर्नेछ ।

<u>अनुमतिपत्र दिने अधिकारीको :</u>


सही : [signature]

नाम : जीबछ मण्डल

पद : महानिर्देशक, विद्युत विकास विभाग

मिति : २०८१/०२/२९

अनुसूची-१



Naulegāū 1.5 km
87
86
28°47'30"
Bharneyā Gāuro 2 km
85
84
Puraini 3 km
83
Puraini 2.5 km
Lālsain
1902
Mālikāsthān
Annual Fair (Jesth & Shrawan Purnima)
1840
1876
Ghodesain
Pokharī
Rewati Khola
Pānīmul
1696
Olīgāū
1519
Kosedhungā
Binayak
Baik
Pālta
Kaḍāgāū
1458
Torāyā
Pālpālī Tol
Khāgitārā
Badāchaur
Gauri Khola
Simlātolī
Hāchī
Thuwa
Jumlesāl
Naulī
1592
1530
1570
Thāpāgāū
Bayālkot
Chimṭākurā
Hāḍe Āwat
1426
1251
Rumālthān
Rātāchaur
Khotabada Gad
1346
1477
Sārkībaḍā
Bāhunbaḍā
Bhumi Khola
Lamsu
Khartībaḍā
Rawatbāṭā
Bhangān
Lohore Khola
Jare
1227
Chhadun
Bāskot
Bās Khola
984
Aul
1215
1297
Daha
Jhapad
1016
Matelā
832
627
NH59
Biurī
Asāuje
872
Rati Khola
Fairly dense mixed forest
Barun
Dhād
Seprā
Dungrīghāt
741
Sisnetār
Lamaitadkhet
Chāne Bagar
Māthillo Dungeswar
Sāno Wāirī
1136
Siyākot
Serībāḍā
1084
Syāltāḍā
NH60
Kākretār
33 KV
28°48'10"
81°38'24"
81°38'55"
28°47'47"